नमस्कार कलम्बस सिटी स्कूल्सका हाई स्कूल परिवार,

कोटा (COTA) बसहरूमा चढ्नकालागि हाई स्कूलका विद्यार्थीहरूले उनीहरूको स्टुडेन्ट सक्सेस कार्ड्स प्रयोग गर्ने बारे सम्झाउनी (रिमाइन्डर): विद्यार्थीहरूले बसमा चढ्ने बित्तिकै दायाँपट्टि रहेको प्रमाणीकरणकर्ता (भ्यालिडेटर) मा सो कार्ड ट्याप गर्न आवश्यक हुनेछ (फोटो हेर्नुहोस्)। अपरेटरको छेऊमा रहेको त्यो भाडा राखने बाकसमा चाँहि यस कार्डलाई स्क्यान गर्ने प्रयास नगर्नुहोस्।

साथै, पहिलो पटक आफ्नो स्टुडेन्ट सक्सेस कार्ड्स प्रयोग गर्ने हाई स्कूलका विद्यार्थीहरूले यस कार्ड्लाई सक्रिय (एक्टिवेट) गर्नकालागि सो कार्ड् मान्यकर्ता (भ्यालिडेटर) मा **दुई पटक** ट्याप गर्न (स्क्यान गर्न) आवश्यक हुनेछ। भविष्यमा वा अब उता बस चढ्दा विद्यार्थीहरूले प्रत्येक पटक त्यो बोर्डमा एक पटक मात्र कार्ड ट्याप गर्नुपर्नेछ।

हाई स्कूलका विद्यार्थीहरूसँग निश्चित (तोकिएका) -मार्गको ट्रान्जिट सेवामा असीमित पहुँच हुनेछ ताकि उनीहरूले रोजगारी (काममा जान-आउन), ट्युटोरिङ, विद्यालय पछिका गतिविधिहरू र एथलेटिक अभ्यासहरूमा जान-आउन पहुँच गर्न सक्छन्। विद्यार्थीहरूले आफ्नो स्कूल बस छुटेमा पनि सो पास प्रयोग गर्न सक्छन्।

यी पासहरू पूरक मात्र हुन् र स्कूल जान र आउन यातायातकालागि योग्य हुने विद्यार्थीहरूलाई प्रदान गरिएको जिल्लाको पहेंलो बस सेवाहरू प्रतिस्थापन गर्दैनन्।

